# आफ्नै पृथ्वी बनाउनुहोस्*

परिचयः सहभागीहरु आफु बसिरहेको ग्रह र आफु कहिल्यै बस्न नचाहने ग्रहको मानसिक चित्र कोर्न गहिरो सोच अनि भावनामा डुब्नेछन्। क्रियाकलापको अन्त्यमा, उनीहरुले एक व्यक्तिको रुपमा पनि आफ्नो सानो र निरन्तर प्रयासहरु मार्फत ग्रहमा धेरै योगदान गर्न सकिने कुरा महसुस गर्नेछन्।

## जलवायु परिवर्तन गतिविधिहरू

### समय

४५ मिनेट

### कठिनाई

मध्यम

### मानव संसाधनः

कम्पास, सेतो चार्ट पेपर, कम्पास, पेन्सिल, इरेसर, रंगित कलमहरु

*यो गतिविधि Towerganics Limitless Project सँग जोडिएको सिकाइको निरन्तरताको रूपमा सिर्जना गरिएको हो

**चरण १**

- एउटा चार्ट पेपर लिनुहोस् र यसलाई दुई भागमा विभाजन गर्नुहोस् (काट्नु जरुरी छैन खाली बिचमा एउटा घेरा खिच्नुहोस् ) ।

**चरण २**

- एकापट्टीको भागमा सबैभन्दा माथि 'तपाईंले देख्न चाहेको पृथ्वी' र अर्को भागमा सबैभन्दा माथि 'तपाईंले कहिल्यै देख्न नचाहेको पृथ्वी' लेख्नुहोस् ।

**चरण ३**

- (एउटा कम्पास लिनुहोस्) दुवैपट्टि ठुला वृत्त खिच्नुहोस् ।

**चरण ४**

- चरण ४: पृथ्वीको आकृति चित्रण गर्नुहोस्।

**चरण ५**

- ग्रहका दुई चित्रहरु सिर्जना गर्न पालै पालो पृथ्वीका तत्वहरू कोर्नुहोस् (उदाहरणका लागि; रुखहरु, मानिसहरु, फूलहरु वा धुवाँ, फोहोरमैला, बिरामी मानिसहरु)।

**चरण ६**

- सकिसकेपछी दुई चित्र बिचका भिन्नताहरु प्रस्तुत गर्नुहोस्।

**चरण ७**

- ग्रह र यसका स्रोतहरूको हेरचाह गर्न एक व्यक्तिको रुपमा तपाईंले गर्न सक्ने १० कुराहरू सूचीबद्ध गर्नुहोस् (एउटै कागजमा) उदाहरणका लागि - मेरो कोठाबाट बाहिर निस्कँदा बिजुली बन्द गर्छु, मेरो जन्मदिनमा रुख रोप्छु।

